# स्थानीय राजपत्र

तिनाउ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८, भाग २, संख्या ७, मिति २०८२ पौष २९ गते


## भाग-२

## तिनाउ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### तिनाउ कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन विकास कार्यक्रम संचालन कार्यविधि, २०८२

**प्रस्तावना :** तिनाउ गाँउपालिका दोभान,पाल्पा भित्र कृषि विकास शाखा मार्फत संचालन हुने संघीय तथा प्रदेश सरकारबाट प्राप्त बिशेष अनुदान मार्फत प्राप्त हुन आएका कृषि विकास कार्यक्रमहरुको कार्यन्वयनलाई मार्गदर्शन दिने, व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न तथा अनुमानयोग्य, तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले, तिनाउ गाँउपालिकाले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा १(२) बमोजिमको अधिकार प्रयोग गरि "**तिनाउ कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन विकास कार्यक्रम संचालन कार्यविधि, २०८२**" तयार गरि लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "**तिनाउ कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन विकास कार्यक्रम संचालन कार्यविधि, २०८२**" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि तिनाउ गाँउपालिका पाल्पा भरी लागु हुनेछ ।

**२.परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा |**

(क) "अनुदान " भन्नले यस कार्यविधि अनुरुप संचालन गरिने कार्यक्रमको लागी कार्यालयबाट उपलब्ध गराईने रकमलाई सम्झनु पर्छ ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कृषक/फर्म/कम्पनी/समुह/सहकारी संस्थालाई सम्झनु पर्छ ।

(ग) "कम्पनी"भन्नाले व्यवसाय गर्न चाहने व्यक्ति वा समुहले प्रचलित कम्पनी कानुन अनुरुप दर्ता भएका संस्थालाई सम्झनु पर्छ ।

(घ) "कार्यक्रम" भन्नले यस कार्यविधिको दफा ५ मा उल्लेखित भएका क्रियाकलाप / कार्यक्रमलाई सम्झनु पर्छ ।

(ङ) "कार्यालय" भन्नले तिनाउ गाउँपालिका गाँउ कार्यपालिकाको कार्यालय दोभान,पाल्पा लाई सम्झनु पर्छ ।

(च) "कृषक समुह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या,आवश्यकता र चाहनाहरु भएका न्युनतम् १५ वा सो भन्दा बढी व्यक्तिहरु मिलेर सामुहिक प्रयत्न द्धारा कृषि क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न स्थापना भई आधिकारिक निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ ।

(छ) "फर्म" भन्नाले प्रचलित कानुन अनुसार दर्ता भएको निजि क्षेत्रका व्यवसायी/उद्यमीको संस्था लाई सम्झनु पर्छ ।

(ज) "सहकारी" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको कृषि सम्बन्धी कार्य गर्ने संस्थालाई सम्झनु पर्छ |

(झ) "समिति" भन्नाले यस कार्यविधिको दफा १२ अनुसार गठित कार्यक्रम ब्यवस्थापन

समितिलाई सम्झनु पर्छ ।

(ञ) “स्थानिय तह” भन्नाले तिनाउ गाउँपालिका दोभान,पाल्पालाई सम्झनु पर्छ ।

(ट) "संघ" भन्नाले नेपाल सरकार तथा मातहतको मन्त्रालय र सँबैधानिक निकायहरुलाई सम्झनु पर्ने छ।

(ठ) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेश सरकार तथा मातहतको मन्त्रालय निकायहरुलाई सम्झनु पर्ने छ।

(ड) "शाखा" भन्नाले तिनाउ गाँउपालिकाको कार्यालय मातहत रहेको कृषि विकास तथा पशु सेवा शाखालाई सम्झनु पर्ने छ।

**३.यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।**

(क) संघ, प्रदेशबाट गाँउपालिकामा विशेष अनुदान कार्यक्रम तोकिएर हस्तान्तरण भई प्राप्त हुन आएका कार्यक्रमहरुको मार्गदर्शन दिन ।

(ख) बिशेष अनुदानको कार्यक्रमहरुको कार्यान्वयन, अनुगमन एवं प्रगति

(ग) कृषि उपजको सरल र सुलभ बजार पहुँच बृद्धि गर्दै आयात प्रतिस्थापन गरि निर्यात प्रवर्धन गर्दै कृषकको आयस्तरमा सुधार गर्ने,

(घ) कार्यक्रमहरु व्यवस्थित,पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्ने,

**४.सरोकारवाला निकायहरुः- यस कार्यक्रमलाई संचालन गर्न विभिन्न सरोकारवालाहरुको देहाय बमोजिम भूमिका हुनेछः**

(क) कृषक/फर्म/कम्पनी/समुह/सहकारी संस्था अन्तर्गत एकल वा संयुक्त रुपमा कार्यालयबाट कृषि विकास कार्यक्रम संचालन हुनेछ ।

(ख) कार्यालयले प्रविधि, प्रविधि विस्तार र सेवा टेवा तथा कार्यक्रम संचालन गर्नेछ।

## परिच्छेद – २

**५.कार्यक्रमहरुको क्रियाकलाप -: मापदण्ड /**

(क) संघीय विशेष अनुदान कार्यक्रम अन्तर्गत गाँउपालिकामा प्राप्त हुन् आएको कार्यक्रमको तपसिल अनुसार तोके बमोजिम क्रियाकलाप, मापदण्ड तथा अनुदान सिमा हुने छ ।

| क्र.स. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | अनुदान सिमा |
|---|---|---|---|---|
| क) | कृषि बिकासका कार्यक्रम तर्फ | | | |
| १. | तरकारी खेति प्रवर्द्धन कार्यक्रम | उत्पादन सामग्री(बिउ बिजन, जैविक मल), सिँचाईका लागि आवश्यक सामग्रीहरु(थोपा सिचाई पाइप), पूर्वाधार सामग्री (प्लास्टिक टनेल, मल्चिङ्ग प्लास्टिक रोल) अन्य सामग्रीहरु (जैविक बिषादी, स्प्रेयर टंकी १६ लिटर) को खरिद, ढुवानी, तथा वितरण | ✓ अनुसूची – १ बमोजिम सूचना प्रकाशन हुनु भन्दा अगाडि नियम सम्बद्ध दर्ता भएका कृषक समुह / कृषि सहकारी निजि / कम्पनि निजि / फर्महरुलाई समाबेश हुन् सक्ने ।<br>✓ कृषक समुह / कृषि सहकारीसामुहिक) रुपमा ( को हकमा कम्तिमा ३० रोपनी खेति गर्नु पर्ने<br>✓ एकल रुपमा खेति गर्दा कम्तिमा ५ रोपनी खेति गर्नु पर्ने | ✓ अधिकतम % 50 |
| २. | आलु बाली प्रवर्द्धन कार्यक्रम | उत्पादन सामग्री(बिउ बिजन, जैविक मल), अन्य सामग्रीहरु (जैविक बिषादी, स्प्रेयर टंकी १६ लिटर) को खरिद, ढुवानी, तथा वितरण | ✓ अनुसूची – १ बमोजिम सूचना प्रकाशन हुनु भन्दा अगाडि नियम सम्बद्ध दर्ता भएका कृषक समुह / कृषि सहकारी निजि / कम्पनि निजि / फर्महरुलाई समाबेश हुन् सक्ने ।<br>✓ कृषक समुह / कृषि सहकारीसामुहिक) रुपमा ( को हकमा कम्तिमा २० रोपनी खेति गर्नु पर्ने<br>✓ एकल रुपमा खेति गर्दा कम्तिमा ५ रोपनी खेति | ✓ अधिकतम % 50 |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्नु पर्ने | |
| ३. | रैथाने बाली (कोदो / फापर) संरक्षण तथा प्रवर्द्धन कार्क्रम | वीउ बिजन, जैविक मल, जैविक बिषादी, सिँचाई सामग्री आदि खरिद, ढुवानी, वितरण | ✓ अनुसूची – १ बमोजिम सूचना प्रकाशन हुनु भन्दा अगाडि नियम सम्बद्ध दर्ता भएका कृषक समुह / कृषि सहकारी निजि / कम्पनि निजि / फर्महरुलाई समाबेश हुन् सक्ने ।<br>✓ कृषक समुह / कृषि सहकारीसामुहिक) रुपमा ( को हकमा कम्तिमा १० रोपनी खेति गर्नु पर्ने<br>✓ एकल रुपमा खेति गर्दा कम्तिमा २ रोपनी खेति गर्नु पर्ने | ✓ अधिकतम % 50 |
| ४. | सुन्तला जात फलफुल खेति प्रवर्द्धन कार्यक्रम | नर्सरी स्थापना कार्यक्रम अन्तर्गत बेर्ना, जैविक मल खरिद, ढुवानी, वितरण ।<br><br>संरक्षित संरचनाको सामग्री (फलाम पाईप, GI पाईप, UV polyethylene sheet २०० micron, Shade Net ८ मेजको खरिद, दुवानी, वितरण | ✓ अनुसूची – १ बमोजिम सूचना प्रकाशन हुनु भन्दा अगाडि नियम सम्बद्ध दर्ता भएका कृषक समुह / कृषि सहकारी निजि / कम्पनि निजि / फर्महरुलाई समाबेश हुन् सक्ने ।<br>✓ कम्तिमा २५ वटा माउ बोट भएको बगैचा हुनु पर्ने ।<br>✓ माउ बोटहरुकोPCR जाँच गराई निरोगिताको प्रमाण पेस गर्नु पर्ने छ ।<br>✓ संरक्षित संरचनाको हकमा स्थानको छनौट प्राबिधिक मुल्यांकनको आधारमा हुनेछ ।<br>✓ संरक्षित संरचनाको हकमा एउटा संरचनाको चौडाई १० फिटउचाई भौगोलिक , क्षेत्र अनुसार १० देखि १५ फिट र आवश्यकता अनुसार लम्बाई राखुपर्ने छ । | ✓ अधिकतम % 50 |

| | | | | |
|---|---|---|---|---|
| | | बगैचा स्थापना कार्यक्रम अन्तर्गत बेर्ना खरिद, ढुवानी, वितरण | ✓ अनुसूची – १ बमोजिम सूचना प्रकाशन हुनु भन्दा अगाडि नियम सम्बद्ध दर्ता भएका कृषक समुह / कृषि सहकारी निजि / कम्पनि निजि / फर्महरुलाई समाबेश हुन् सक्ने ।<br>✓ एक कृषकले कम्तिमा २५ बोट लगाउनु पर्ने छ । | |
| ५. | साना सिँचाई कार्यक्रम | प्लास्टिक पोखरी खरिद, ढुवानी, तथा वितरण | ✓ अनुसूची – १ बमोजिम सूचना प्रकाशन हुनु भन्दा अगाडि नियम सम्बद्ध दर्ता भएका कृषक समुह / कृषि सहकारी /निजि कम्पनि निजि / फर्महरुलाई समाबेश हुन् सक्ने ।<br>✓ गाँउपालिकाको प्रचलित कानुन अनुसार हुने छ। | ✓ अधिकतम % 50 |
| ६. | यान्त्रिकरण कार्यक्रम | मिटिटिलर( हाते ट्रेक्टर) खरिद, ढुवानी, वितरण | ✓ अनुसूची – १ बमोजिम सूचना प्रकाशन हुनु भन्दा अगाडि नियम सम्बद्ध दर्ता भएका कृषक समुह / कृषि सहकारी निजि / कम्पनि निजि / फर्महरुलाई समाबेश हुन् सक्ने ।<br>✓ गाँउपालिकाको प्रचलित कानुन अनुसार हुने छ। | ✓ अधिकतम % 50 |
| | | कम्बाईन मिल खरिद, ढुवानी, वितरण | ✓ अनुसूची – १ बमोजिम सूचना प्रकाशन हुनु भन्दा अगाडि नियम सम्बद्ध दर्ता भएका कृषक समुह / कृषि सहकारी निजि / कम्पनि निजि / फर्महरुलाई समाबेश हुन् सक्ने ।<br>✓ गाँउपालिकाको प्रचलित कानुन अनुसार हुने छ। | |
| ७ | आई.पी.एम.कृषक | यस कार्यविधि अनुसार बिषयगत | ✓ कृषक पाठशालामा सहभागी हुने कृषकहरुलाई | ✓ उल्लेख |

| | | | | |
|---|---|---|---|---|
| | पाठशाला | बाली उत्पादन/प्रवर्द्धन कार्यक्रम सहभागी भएका कृषक समुह/कृषि सहकारी/कृषि फर्महरु मात्र समाबेश गरि कार्यक्रम संचालन गर्नु पर्ने । | स्टेशनरी तथा खाजा उपलब्ध गराउनु पर्नेछ।<br>✓ यस कार्यक्रमको लागी आवश्यक पर्ने जग्गाको भाडा खर्च , तयारी खर्च, ब्येहोर्नुका साथै विउ विजन, मलखाद्य ,रसायनिक विषदी तथा अन्य वस्तु खरिद गर्नु पर्नेछ ।<br>✓ आईको सिद्धान्तमा कृषक पाठशाला .एम .पी . संचालन गर्नु पर्नेछ ।<br>✓ पाठशाला संचालनार्थ सहजकर्ताको पारिश्रमिक पालिकाको नियमानुसार हुनेछ । | क्रियाकलापह रु१०० % अनुदानमा वार्षिक को वजेट परिधि भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने, |
| ८ | बाली उपचार शिविर | ✓ यस कार्यक्रम अन्तर्गत शिविर संचालन गर्दा एक स्थानमा बढीमा दुई दिन संचालन गर्नु पर्ने ।<br>✓ बालीको समस्या अनुसार निःशुल्क विषादी/प्राविधिक सल्लाह सुझाव दिनु पर्ने । | ✓ क्षेतिको सम्भाव्यता आकलन गरि क्षेति भएको वा क्षेति हुन सक्ने सम्भावित क्षेत्र पहिचान गरि कार्यक्रम संचालन गर्नु पर्ने ।<br>✓ क्षेतीग्रस्त बालीनालीको नमुना संकलनको विधि बारे अग्रीम जानकारी गराउनु पर्ने ।<br>✓ बालीको समस्या पहिचान गरि निराकरणको लागी उपलब्ध सेवा/प्राविधिक सुझाव सल्लाह दिने | ✓ उल्लेख क्रियाकलापह रु १०० % अनुदानमा वार्षिक वजेटको परिध भित्र रहि सार्वजनिक खरीद ऐन |

| | | | | |
|---|---|---|---|---|
| | | | | तथा नियमावली अनुसार गर्नु पर्ने, |
| ९ | कृषक तालिम | ✓ कृषकको अवश्यकता तथा मागको आधारमा तालिम कार्यक्रम संचालन गरिने छ,<br>✓ तालिम कार्यक्रममा कृषक सहभागिता २५ भन्दा बढी हुने छैन् | ✓ तालिम कार्यक्रम सैद्धान्तिक तथा प्रयोगातमक वा दुबै हुन सक्नेछ, | ✓ उल्लेख क्रियाकलापह रु १०० % अनुदानमा वार्षिक वजेटको परिध भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने |
| ख | पशु सेवा तर्फ | | | |

| क.स. | कार्यक्रम | क्रियाकलाप | मापदण्ड | अनुदान सिमा |
|---|---|---|---|---|
| १. | गोठ सुधार कार्यक्रम | गोठको भुई सुधार,दानापानी खुवाउने डुड निर्माण,छानो , मुत्र | • कृषक,निजि फर्म कृषक/समुह कृषि/सहकारी मार्फत पशुको गोठ सुधार कार्यक्रम संचालन गर्ने।<br>• कृषकनिजि/ फर्मको हकमा न्युनतम4 वटा गाई वा | • अधिकतम ५0% अनुदान |

| | | | | |
|---|---|---|---|---|
| | | संकलन खाडल र पिसाब बग्ने नाली निर्माण | भैसीसमुह ,को हकमा न्युनतम60 वटा गाई वा भैसी , सहकारी को हकमा न्युनतम100 वटा गाई वा भैसी पालन गरेको हुनुपर्ने।<br>• विगत २ बर्ष देखी कुनै पनि सरकारी क्षेत्र बाट अनुदान प्राप्त नगरेको हुनुपर्ने।<br>• यस कार्यक्रममा सहभागी हुन कम्तीमा १ बर्ष अगाडी देखी पशु पालन गर्दै आएको हुनुपर्ने।<br>• गाई भैसिमा FMD/LSD को अनिवार्य खोप लगाउनु पर्नेछ। | • प्रती कृषकको हकमा अधिकतम रु ०००,10 र समुह सहकारी को हकमा अधिकतम २ लाख |
| २. | उन्नत जातको गाई खरीद | • खरिद,ढुवानी,वितरण | • कम्तीमा १८ महिना पुरा भई ३ बर्ष उमेर नकटेको र प्रजनन् योग्य भएको।<br>• गाईको अनिवर्य बिमा गर्नुपर्ने।<br>• गाईलाई (F.M.D,LSD) खोप लगाएको कम्तीमा १ महीना पुगेको हुनुपर्ने छ। | • अधिकतम ५0% अनुदान<br>• अनुदान रकम 50000 |
| ३. | उन्नत जातको भैसी खरीद | • खरिद,ढुवानी,वितरण | • कम्तीमा 4 बर्ष पुरा भई 2 बर्ष उमेर नकटेको र प्रजनन् योग्य भएको।<br>• भैसीको अनिवर्य बिमा हनुपर्ने। | • अधिकतम ५0% अनुदान |

| | | | | |
|---|---|---|---|---|
| | | | • भैसीलाई (F.M.D,LSD) खोप लगाएको कम्तीमा १ महीना पुगेको हुनुपर्ने छ। | • अनुदान रकम 50000 |
| ४. | उन्नत जातको बाख्रा खरीद | • अनुसूची १ वमोजिम सुचना प्रकाशनवडा कार्यालयको / सिफारिस<br>• खरिद,ढुवानी,वितरण | • कम्तीमा ७ महिना पुरा भई २ बर्ष नकटेको र प्रजनन् योग्य हुनुपर्ने।<br>• बाख्राको अनिवर्य बिमा गर्नुपर्ने।<br>• बाख्रालाई (F.M.D,PPR) खोप लगाएको कम्तीमा १ महीना पुगेको हुनुपर्ने छ। | • अधिकतम ५0% अनुदान<br>• अनुदान रकम 10000 |
| ५. | उन्नत जातको बोका खरीद | • खरिद,ढुवानी,वितरण | • कम्तीमा १ बर्ष उमेर पुगेको र १८ महिना नकटेको प्रजनन् योग्य भैसकेको हुनुपर्ने।<br>• बोकाको अनिवर्य बिमा गर्नुपर्ने।<br>• बोकालाई (PPR,FMD) खोप लगाएको कम्तीमा १ महिना पुगेको हुनुपर्ने छ।<br>• कम्तिमा बाख्रा भएको फर्म ४० | • अधिकतम ५0% अनुदान<br>• अनुदान रकम 15000 |
| ६. | खोर र गोठ निर्माण | • खोर वा गोठ निर्माण गर्ने | • कृषक,निजि फर्म कृषक/समुह कृषि/सहकारी मार्फत पशुको गोठ सुधार कार्यक्रम संचालन गर्ने।<br>• कृषकनिजि/ फर्मको हकमा न्युनतम4 वटा गाईभैसी वा ५०वटा माउ बंगुर वा 6 वटा माउ बाख्रा वा 20 | अधिकतम ५0% अनुदान<br>• अनुदान |

| | | | | |
|---|---|---|---|---|
| | | | समुह ,वटा लोकल कुखुराको हकमा न्युनतम60 वटा गाईभैसी वा १५० बाख्रा वा ,माउ बंगुर 90 सहकारीको हकमा न्युनतम100 वटा गाईभैसी वा 300 माउ बंगुर पालन गरेको हुनुपर्ने। 120 बाख्रा वा<br>• यस कार्यक्रममा सहभागी हुन कम्तीमा १ बर्ष अगाडी देखी पशु पालन गर्दै आएको हुनुपर्ने।<br>• गाई भैसिको हकमा FMD/LSD बंगुरको हकमा ,SWINE FEVER/ FMD, बाख्राकको हकमा F.M.D,PPR र कुखुराको हकमा RANIKHET को अनिवार्य खोप लगाउनु पर्नेछ। | रकम 40000 |
| ७. | चापकटर खरिद तथा वितरण | • खरिद,ढुवानी,वितरण | • कम्तिमा वटा गाईभैसी 4 वटा माउ बाख्रा वा 30 हुनुपर्ने | • अधिकतम 50% अनुदान<br>• अनुदान रकम 20000 |
| ८. | बर्षिम घासको बिउ खरिद | • खरिद,ढुवानी,वितरण | • नेपालमा प्रमाणीकरण भएको बीउ मात्र प्रयोग गरिने।<br>• सिचांई सुविधा भएको हुनुपर्ने।<br>• कम्तीमा २ रोपनी क्षेत्रफल भएको हुनुपर्ने। | • अधिकतम ७५% अनुदान |
| ९. | सुपर नेपियर | • खरिद,ढुवानी,वितरण | • नेपालमा प्रमाणीकरण भएको बिरुवा मात्र प्रयोग गरिने। | • अधिकतम |

| | | | | |
|---|---|---|---|---|
| | घाँस बिरुवा खरिद | | • बिरुवाको कम्तिमा ३ आख्ला भएको हुनुपर्ने।<br>• सिचांई सुविधा भएको हुनुपर्ने।<br>• कम्तीमा २ रोपनी क्षेत्रफल भएको हुनुपर्ने। | ७५% अनुदान |
| १०. | जै घाँस बिउ खरिद | • खरिद,ढुवानी,वितरण | • नेपालमा प्रमाणीकरण भएको बीउ मात्र प्रयोग गरिने।<br>• सिचांई सुविधा भएको हुनुपर्ने।<br>• कम्तीमा २ रोपनी क्षेत्रफल भएको हुनुपर्ने। | • अधिकतम ७५% अनुदान |
| ११. | राई खनियो घाँसको बिरुवा खरिद | • खरिद,ढुवानी,वितरण | • नेपालमा प्रमाणीकरण भएको बिरुवा मात्र प्रयोग गरिने।<br>• बिरुवा पोलीब्याग मा भएको हुनुपर्ने।<br>• सिचांई सुविधा भएको हुनुपर्ने।<br>• कम्तीमा २ रोपनी क्षेत्रफल भएको हुनुपर्ने। | • अधिकतम ७५% अनुदान |
| १२. | किम्बु पोलीपट बिरुवा खरिद | • खरिद,ढुवानी,वितरण | • नेपालमा प्रमाणीकरण भएको बिरुवा मात्र प्रयोग गरिने।<br>• बिरुवा पोलीब्याग मा भएको हुनुपर्ने।<br>• सिचांई सुविधा भएको हुनुपर्ने।<br>• कम्तीमा २ रोपनी क्षेत्रफल भएको हुनुपर्ने। | • अधिकतम ७५% अनुदान |
| १३. | ईपील ईपील घाँस बिउ खरिद | • खरिद,ढुवानी,वितरण | • नेपालमा प्रमाणीकरण भएको बीउ मात्र प्रयोग गरिने।<br>• सिचांई सुविधा भएको हुनुपर्ने।<br>• कम्तीमा २ रोपनी क्षेत्रफल भएको हुनुपर्ने। | • अधिकतम ७५% अनुदान |
| १४. | व्याबसायीक पशुपन्छी पालन तालीम | मागमा आधारित तालिम संचालन गर्ने। | ईच्छुक कृषक हुनुपर्ने | • उल्लेख कृयाकलाप १००% |

| | | | | |
|---|---|---|---|---|
| | | | | अनुदान। |

(ख) उपरोक्तमा उल्लेखित कार्यक्रमहरु बाहेक कार्यक्रमको हकमा प्रचलित कानुन वमोजिम कार्यान्वयन गर्नु पर्नेछ।

## परिच्छेद-३

## कार्यक्रम संचालन प्रक्रिया

६.**सुचना प्रकाशन** -: यस कार्यविधिसँग मेल खाने कार्यक्रमहरुको सूचना अनुसुची (१)बमोजिम प्रकाशन गर्नु पर्नेछउक्त सूचनाको म्याद , कम्तीमा १५ दिन राख्नु पर्ने छ ।

७.**निवेदन पेश**-: अनुसुची )२बमोजिम गर्नु पर्नेछ । (

८.**अनुगमन तथा मुल्यांकन** -: अनुसुची गर्नु पर्नेछ । बमोजिम (३)

९.**समुह वा ठाउँको छनौट** -: कार्यक्रम संचालनको लागी कृषक समुह वा ठाउँको छनौट गर्दा गाउँपालिकाको प्राविधिक अनुगमन तथा मुल्यांकनको आधारमा गर्नु पर्नेछ ।

१०. **सम्झौता**-: अनुसुची बमोजिम गर्नु पर्नेछ । (४)

११.**जनसहभागिता रकम**-: छनौट भएका समुह/सहकारी वा कृषकहरुले सम्वन्धित कार्यक्रमको लागी कृषक समुह/सहकारी/फार्म/गा ले माग गरेको कोटेशन.पा.स्वीकृत पश्चात तोके अनुसारको रकम तिनाउ गाँउपालिकाको प्रचलित खातामा जम्मा गर्नुपर्नेछ।

१२.**सामाग्री खरीद प्रक्रिया**:- सम्पूर्ण खरीदकार्य सार्वजनिक खरीद ऐन तथा नियमावलीको अधिनमा रहि गर्नु पर्ने तथा यस गाउँपालिकामा सुचीकृत रहेको फर्म/कम्पनी/पसलबाट मात्र कारोबार गर्न पाइनेछ ।

१३.**कार्य सम्पन्न सिफारिस**:- कार्य सम्पन्नको सिफारिस सम्वन्धित वडाले गर्नु पर्नेछ ।

१४.**भुक्तानी प्रक्रिया** -: गाउँपालिका तथा सेवाग्राही मार्फत सामाग्री खरीद भई आएको पसल⁄फर्म⁄कम्पनीको नाममा वा समुह⁄सहकारी⁄फर्मको नाममा बैंकिङ प्रणाली द्धारा भुक्तानी गर्नु पर्नेछ ।

## परिच्छेद-४

## समिति सम्वन्धी व्यवस्था

**१५.कार्यक्रम व्यवस्थापन समिति**:-

(१) कार्यक्रम कार्यन्वयन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) अर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ग) योजना शाखा प्रमुख | सदस्य |
| (घ) खरिद इकाई संयोजक | सदस्य |
| (ङ) जिन्सी शाखा प्रमुख | सदस्य |

(च) कार्यक्रम संचालन गर्ने विषयगत शाखाको प्राविधिक (१) जना सदस्य

(छ) कार्यक्रम संचालन गर्ने विषयगत शाखा प्रमुख सदस्य सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रम संचालनको लागी शाखा लाई जिम्मेवारी तोक्ने,

(ख) कार्यक्रमको अनुगमन, स्थलगत निरीक्षण गर्ने

(ग) प्रभावकारी कार्यन्वयनका लागी सरोकारवाला लाई राय सुझाव दिने,

## परिच्छेद- ५

## विविध

**१६.बाधा अड्चन, निरुपण र संशोधन :**

(१) यस कार्यविधिमा अन्य जेसुकै लेखे तापनि कानुन संग बाझिएको खण्डमा प्रचलित कानुन वमोजिम वा गाउँपालिकाको निर्णय समोजिम हुनेछ ।

(२) यो कार्यविधिको संशोधन गर्नु पर्ने देखिएमा गाँउ कार्यपालिकाको बैठक बाट गर्न सकिनेछ ।

**अनुसुची (१)**

**सुचनाको ढाँचा**

आ.ब..............को तिनाउ गाउँपालिकाको संघीय बिशेष अनुदानको स्वीकृत कार्यक्रम अन्तर्गत संचालन हुने ....................................कार्यक्रममा सहभागी हुनको लागी योग्यता पुगेका कृषक समुह/कृषि सहकारी/कृषि फर्मले तपसिलमा उल्लेखित कागजात सहित सुचना प्रकाशन भएको १५ दिन भित्र यस कार्यालय (कृषि विकास /पशु सेवा शाखा) मा निबेदन दिन हुन यसै सुचना मार्फत सम्बन्धीत सम्पूर्णमा जानकारी गराइन्छ ।

तपसील :-

१.कृषक समुह/कृषि सहकारी/कृषि फर्म को दर्ता प्रमाण पत्रको प्रतिलिपी - थान १

२.कृषक समुह/कृषि सहकारी/कृषि फर्म को पान दर्ता प्रमाण पत्रको प्रतिलिपी थान -१

३.कृषक समुह/कृषि सहकारी/कृषि फर्म को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी थान -१

४.अनुसूची २ बमोजिमको निवेदन -थान १

५.सम्बन्धीत वडा कार्यालयको सिफारिस- थान १

६.कृषक समुह/कृषि सहकारीको हकमा निर्णय प्रतिलिपी थान -१

........................................

प्रमुख प्रशासकीय अधिकृत

नोट :-कार्यक्रमको प्रकृती अनुसार उक्त अनुसूचीमा थपघट गर्न सकिने छ ।

अनुसूची-२

निबेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु मितिः-

तिनाउ गाउँपालिका दोभान,पाल्पा

बिषय :- कार्यक्रममा सहभागी हुन पाउँ बारे ।

महोदय्

उपरोक्त सम्बन्धमा यस तिनाउ गाउँपालिकाको कार्यालयले मिति ...................गतेको प्रकाशित सूचना वमोजिम यस गाउँपालिका को ...............(कृषि विकास /पशु सेवा शाखा )मार्फत संचालन हुने ..........................................................................कार्यक्रममा सहभागी हुनको लागी म /हाम्रो संस्था...............................ले सुचनामा उल्लेख भएको कागजात सहित यो निवेदन पेश गर्दछु/गर्दछौं ।

निवेदक

नामः-

ठेगानाः-

सम्पर्क नं.-

सहिछापः-

संलग्न कागजातहरु

१.कृषक समुह/कृषि सहकारीको हकमा निर्णय प्रतिलिपी -थान १

२.कृषक समुह/कृषि सहकारी/कृषि फर्म को दर्ता प्रमाण पत्रको प्रतिलिपी - थान १

३.कृषक समुह/कृषि सहकारी/कृषि फर्म को पान दर्ता प्रमाण पत्रको प्रतिलिपी -थान १

४.कृषक समुह/कृषि सहकारी/कृषि फर्म को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी -थान १

५.सम्बन्धीत वडा कार्यालयको सिफारिस -थान १

नोट :कार्यक्रमको प्रकृती अनुसार उक्त अनुसूचीमा थपघट गर्न सकिने छ ।

## (अनुसुची -३)
## कार्यक्रम मुल्यांकनको ढांचा

प्रस्ताव मुल्यांकन आधारहरु

(क) प्रस्ताव मुल्यांकनका आधारहरु (प्रारम्भिक मुल्यांकन)

सुचनामा माग गरिएको कागजात तथा मापदण्ड पुगे/नपुगेको आधारमा यस तिनाउ गाउँपालिका ................ शाखाले योग्यता पुगेका प्रस्तावहरुलाई मात्र स्थलगत मुल्यांकनको लागी छनौट गर्नु पर्ने ।

प्रस्ताव मुल्यांकनका आधारहरु (स्थलगत निरिक्षण मुल्यांकन)

आवेदक संस्थाको नाम :-

सम्पर्क व्यक्ति र नम्बर :-

प्रस्तावित कार्यक्रमको नाम :-

कार्यक्रम संचालन स्थलको ठेगाना :-

**मुल्यांकन फारम**

| क्र.स. | सुचक/विवरण | भार | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधार र संभावनाको अवस्था | | | |
| २ | व्यवसाय व्यवस्थापनको अवस्था र संभावना | | | |
| ३ | प्राविधिक रुपमा उपयुक्त स्थान वा अवस्थित | | | |
| ४ | रोजगारी सृजनाको अवस्था | | | |
| ५ | वातावरणीय र सामाजिक प्रभाव | | | |
| ६ | उत्पादित बस्तुको वजार योजना | | | |
| ७ | आफै पहलका उत्पादित वस्तुको बाजारीकरण गर्ने | | | |
| ८ | बजारीकरणको लागी आफ्नै सम्झौता नभएको/अनौपचारिक वजारिकरण भएमा | | | |
| ९ | सम्बन्धीत व्यवसाय विस्तार गर्न सक्ने क्षमता,निरन्तरता र उत्पादकत्व वृद्धि हुन सक्ने सम्भावना | | | |
| १० | अर्थिक पक्षमा तथा लगानी क्षमता सम्बन्धीत व्यवसायको अनुभव | | | |
| ११ | सम्बन्धीत विषयमा तालिम/अध्ययन गरेको वा सम्बन्धीत बिषयमा वैदेशिक रोजगारको अनुभव (कम्तीमा १ बर्ष) | | | |
| १२ | जग्गाको उपलब्धता (तोके अनुसार) | | | |

| | | | | |
|---|---|---|---|---|
| १३ | अन्य वस्तुगत अवस्था | | | |
| १४ | समावेशीता (एकल,महिला,सहिद परिवार) | | | |

नोटः मुल्यांकन मापदण्डको कुल अंकको कम्तीमा ४०% अंक प्राप्त गर्ने प्रस्तावहरुलाई मात्र छनौटका लागी प्राथमिकता सुचीमा समावेश गरिनेछ ।

| क्र.स. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |

नोटः-कार्यक्रमको प्रकृती अनुसार उक्त अनुसूचीमा थपघट गर्न सकिने छ ।

## ( अनुसुची -४)
## सम्झौता पत्र

मितीः

तिनाउ गाउँपालिका दोभान,पाल्पा..........................(नाम,ठेगाना टोल)(यस पछि दोस्रो पक्ष भनिने) र तिनाउ गाउँपालिका दोभान,पाल्पा ................शाखा (यसपछि प्रथम पक्ष भनिने) बीच देहाय बमोजम को शर्त पालना गर्ने गरि। यो सम्झौता अनुसार हस्ताक्षर गरी एक⁄ एक प्रति लियौ/दियौ ।

१.) सम्झौता गर्ने पक्ष

क) तिनाउ गाउँपालिका अन्तर्गतको कृषि फर्म⁄कृषक समूह⁄कृषि सहकारी बाट सम्झौता गर्ने आधिकारीक प्रतिनिधी

१. नाम :-

२.प्रतिनिधत्व गर्ने समूह⁄सहकारी :-

३. ठेगानाः

ख) कार्यक्रम स्थलको विबरण

तिनाउ गाउँपालिका वडा नं.

कार्यक्रम कार्यान्वयन अवधि

१. शुरु हुने मिती :-

२. सम्पन्न हुने मिती :-

कार्यक्रम अन्तर्गतको संचालन हुने क्रियाकलाप सम्बधि विवरण

क)कार्यक्रमको नामः

ख)कार्यक्रमको किसिमः

ग)कार्यक्रम को कुल लागत रु.

१.कार्यालयको अनुदान रकम रु.

२.कन्टेन्जेन्सी रकम रु.

३.समुहले व्यहोर्ने रकम रु.

घ)कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुने

१. कृषक परिवार संख्या

२. समूदाय

दलित( )

जनजाति( )

सम्झौताका शर्तहरु

१ यो सम्झौता पत्र तिनाउ गाउँपालिका दोभान,पाल्पाको .................................... कार्यक्रम कार्यान्वयन गर्न तिनाउ गाउँपालिका वडा नः....................... अन्तर्गतको

........................................ कृषक समुह/कृषि सहकारी/कृषि/पशुपन्छी फार्म र तिनाउ गाउँपालिका बीच प्रयोग गरिनेछ ।यस कृषि/पशुपन्छी फर्म /कृषक समुह /कृषि सहकारीमा देहाय वमोजिम स्पेशिफिकेसन/स्टीमेट अनुसारको पूर्वाधार निर्माण /मेसिनरी उपकरण सामग्री खरिद एवं व्यावस्थापन गरिने छ ।

२ दोस्रो पक्षले यस कार्यक्रम संचालनका लागि सम्झौता गरिएको क्रियाकलापहरुको लागतमा तोकिएको अनुदान प्रतिशतमा नगदै वा अन्य किसिमले सहभागिताको सुनिश्चत गर्नु पर्नेछ ।

३ दोस्रो पक्षले यसै कार्यक्रमको लागि आफ्नै समुहको स्रोत बाहेक अन्य कुनै सरकारी , गैह सरकारी, संघ सँस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा तिनाउ गाउँपालिका कृषि शाखा लाई जानकारी गराउनु पर्नेछ ।

४ दोस्रो पक्षले कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु संचालन गर्दा तिनाउ गाउँपालिका कृषि विकास शाखाले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ ।

५ दोस्रो पक्षले कार्यक्रम अन्तर्गत संचालन भएको क्रियाकलापहरुको कार्य सम्पन प्रतिवेदन सम्वन्धित प्राविधिकवाट तयार गरी /गराई प्रत्यक्ष लाभान्वित कृषकहरुको बैठक निर्णयवाट अनुमोदन गराए पश्चात मात्र सम्झौता वमोजिमको अनुदान रकम समुहको खाता/सम्बन्धीत अपुर्तिकर्तालाई भुक्तानी दिइनेछ ।

६ प्रथम पक्षले सम्झौता बमोजिम खर्च रकमको बिल भरपाई सहितको कार्य सम्पन्न प्रतिवेदन दोस्रो पक्षबाट प्राप्त भए पश्चात रु......................।अक्षरेपी (................................. )रुपैया मा नबढने गरि नियमानुसारले कन्टेन्जेन्सी र १.५ प्रतिशत अग्रिम कर कट्टा गरि दोस्रो पक्षलाई भुक्तानी उपलब्ध गराउने छ वा सम्भौता वमोजिमको पुर्वाधार निर्माणका लागी सामाग्री आपुर्तीकर्ता/मेशिनरी उपकरण आपुर्तीकर्ता लाई सोझै भुक्तानी दिन सक्ने छ । दोस्रो पक्षले भुक्तानी पाउन अनिवार्य रुपमा विल विजक पेश गर्नु पर्नेछ ।

७ दोस्रो पक्षको लापरबाहिको कारणबाट कार्य सम्पादन नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेबार सम्बन्धीत सहकारी/समुह/फार्मको हुनेछ ।

८ दोश्रो पक्षले यो सम्झौता बमोजिमको कामकारवाही व्यवसायिक योजना इष्टिमेट अनुसार सम्पन्न गरी कार्यक्रम संचालनमा ल्याउनु पर्नेछ ।

९ दोश्रो पक्षले कार्यक्रम सम्पन्न भैसके पछि फोटोहरु कम्तिमा भुक्तनिको लागि पेश गरिने बिल भर्पाइका साथमा अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

१० दोस्रो पक्षले लिइएको अनुदान रकम कार्यक्रममा प्रयोग नगरी हिनामिना भएको भेटिएमा वा हेलचक्राइको कारणबाट हानी नोक्सानी भएमा प्रचालित नियम कानुन बमोजिम दिएको अनुदान रकम दोस्रो पक्षबाट असुल गरिने छ ।

११ तिनाउ गाँउपालिका कृषि शाखा बाट निरिक्षणमा जाने प्राविधिकलाई निरिक्षण तथा अनुगमनमा दोस्रो पक्षले अनिवार्य रुपमा आवश्यक सहयोग गर्नुपर्नेछ ।

१२ कार्य सम्पन्न भई हस्तान्तरण भई सकेपछि सोको मर्मत सम्भार सम्बन्धी कार्य दोस्रो पक्ष आफैले

गर्नु पर्नेछ ।

१४ निर्माणकार्य अथवा यस सम्बन्धि दोस्रो पक्ष र प्रथम पक्ष बीच कुनै विवाद आएमा तिनाउ गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

१५ यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कनुन बमोजिम हुनेछ ।

१६ दोश्रो पक्षले समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तनी दिन प्रथम पक्ष बाध्य हुने छैन ।

१७ सम्झौताको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा प्रचालित कानुन अनुसार हुनेछ ।

१८ स्थानिय आवश्यकता अनुसार दुबै पक्षको सहमतिमा माथि उल्लेखित शर्तहरुमा फेरबदल गर्न सकिने छ।

१९ अन्या कुनै बुँदामा थपघट गर्नु परेमा दुबै पक्षको आपसी समझदारीमा गरिने छ ।

२० संलग्न फारमहरु

क) परियोजनाको स्वीकृत क्रियाकलापहरु र लागत अनुमान

ख) परियोजनाबाट प्रत्येक्ष समान्वित हुने समूह/कृषकहरुको नामवली विवरण

रोक्त बमोजिम कार्य गर्न मन्जुर छौ भनि दस्तखत गर्ने

म पक्षको तर्फबाट

नाम थरः

पदःप्रमुख प्रशासकीय अधिकृत

दस्तखतः ............................

मिति :-

| साक्षी १ | साक्षी २ |
|---|---|
| नाम : | नाम : |
| पदः | पदः |
| दस्तखत | दस्तखत |

दोश्रो पक्षको तर्फबाट

| कृषि फार्म/कृषक समुह/सहकारी/वन/जल उपभोक्त सम्झौता गर्नेअधिकारिक प्रतिनिधि |
|---|
| नामः |
| प्रतिनिधत्व गर्ने कृषि फार्म/कृषक समुह/कृषि सहकारीको नामः |
| ठेगानाः |
| दस्तखत : |
| संस्थाको छापः |

| साक्षी १ | साक्षी २ |
|---|---|
| नाम : | नाम : |

| | |
|---|---|
| पदः | पदः |
| दस्तखत | दस्तखत |

नोट :-कार्यक्रमको प्रकृती अनुसार उक्त अनुसूचीमा थपघट गर्न सकिने छ ।

**प्रमाणीकरण मिति : २०८२/०६/०७**

**आज्ञाले,**
दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत
तिनाउ गाउँपालिका